नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मितिः २०७९/०३/३० गते।

## प्रेस विज्ञप्ती- ११९

### "वैदेशिक रोजगार कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

वैदेशिक रोजगार संचालन गर्ने अनुमति नै नपाएका तपसिलमा उल्लेखित प्रतिवादी श्रीकृष्ण घिसिङ्ग तामाङ्गले राम्रो पारिश्रमिक हुने, राम्रो रोजगारका लागि इजरायल, जापान लगायतका वैदेशिक मुलुकहरुमा पठाईदिने भनी जाहेरवालाहरुलाई झुक्याई झुट्टा आश्वासन देखाई मिति २०७४ सालको बिभिन्न मितिमा जाहेवालाहरुबाट रकम प्राप्त गरी ठगी गरेको वैदेशिक रोजगार कसूरका ३(तीन) थान मुद्दाहरुमा सम्मानित सर्वोच्च अदालतबाट एउटै मिति २०७७/१२/१७ मा फैसला गर्दै प्रतिवादी श्रीकृष्ण घिसिङ्गलाई वैदेशिक रोजगार ऐन, २०६४ वमोजिमको कसूरमा जम्मा ६ बर्ष कैद र ६,००,०००/- (छ लाख रुपैंया जरिवाना) हुने ठहर भएकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७९/०३/३० गते कलंकी, काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| प्रतिवादी: | श्री कृष्ण घिसिङ्ग तामाङ् |
| उमेर: | ४६ बर्ष |
| ठेगानाः | जिल्ला चितवन, साविक जुटपानी गा.बि.स. हाल कालिका न.पा. वडा नं. ८ बस्ने |
| मुद्दाः | वैदेशिक रोजगार कसूर |
| सजायः | ६ बर्ष कैद र रु. ६,००,०००/- जरिवाना |
| फैसला मितिः | २०७७/१२/१७ |
| पक्राउ मितिः | २०७९/०३/३० |
| पक्राउ स्थानः | कलंकी, काठमाडौं। |



उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११
मिति २०७९/०३/३० गते ।